स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अष्ट्रेलिया घुमघाममा रहेकी अभिनेत्री सुष्मा कार्कीले त्यहीँबाट फिल्म 'उपहार'को डबिङ गरेकी छिन् । फागुन २५ देखि प्रदर्शन तयारीमा रहेको फिल्ममा उनको महत्वपूर्ण भूमिका छ । अष्ट्रेलियामा रहेका पत्रकार राजन घिमिरेका अनुसार सुष्माले सिड्नीमा राजेश घिमिरेको प्राविधिक व्यवस्थापनमा 'उपहार'को डबिङ गरेकी थिइन् । डबिङको दृश्यमा सुष्मा निकै रिसाएकी देखिएकी छन् । उनले अभिनेत्री बेनिशा हमाललाई अपार्टमेन्टमा फोहोर फालेको भन्दै असन्तुष्टि व्यक्त गरेकी छन् ।

आजको विचार...



आर्थिक...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



इण्डियन आइडलकी प्रतिस्पर्धी मेनुका पौडेल यतिबेला काठमाडौंमा छिन् । केही दिनअघि राजधानीमा आइपुगेकी उनलाई अन्तर्वार्ता दिन र समारोहमा भाग लिन भ्याइनभ्याइ छ । मेचीपुल हुँदै नेपाल आएकी उनलाई गृहजिल्ला झापामा भव्य स्वागत भएको थियो । इण्डियन आइडलको जारी १४ औं सिजनको अन्तिम १० बाट बाहिरिएकी मेनुकाको प्रसिद्धि यतिबेला चुलिएको छ । इण्डियन आइडलले दिलाएको चर्चाले उनको सांगीतिक करिअरलाई पूरै मोडिदिएको छ । काठमाडौंमा एक टेलिभिजन अन्तर्वार्तामा बोल्दै मेनुकाले आफ्नो विश्व खाने योजना रहेको बताइन् ।

❒ वर्ष २९ ❒ अंक १९५ ❒ २०८० माघ २९ गते सोमबार 12 February 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इजरायली हवाई आक्रमणमा २५ जनाको मृत्यु

(रासस/एएफपी)

**गाजा,** माघ २८/दक्षिणी गाजा पट्टी शहर रफाहस्थित एक घरमा इजरायली बमबारीमा परी कम्तीमा २५ जना प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टाइनको सरकारी समाचार संस्था वाफाले जनाएको छ । घटनामा दर्जनौं अन्य घाइते भएका छन् । बम विस्फोटको समयमा धेरै विस्थापितहरू उक्त घरमा बसिरहेका बताइएको छ । रफाहका मेयर अहमद अल-सुफीले शनिबार भने, “रफाहमा हालैका घण्टाहरूमा इजरायली गोलाबारी र विस्फोटका घटना बढेका छन् । पछिल्लो एक विभत्स आक्रमणमा विस्थापित गाजाबासी बसिरहेको एक घर निशानामा परेको छ ।” इजरायलले रफाहमा सैन्य कारबाही गरे 'विश्वव्यापी विपत्ति' निम्त्याउने हमासका अधिकारीलाई उद्धृत गर्दै हमासको नियन्त्रणमा रहेको प्यालेष्टिनी सरकारी सञ्चार माध्यम वाफाले जनाएको छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजाको सबैभन्दा दक्षिणी शहर रफाहमा सैन्य कारबाहीका लागि योजना बनाउन सेनालाई निर्देशन दिएका छन् । गत वर्ष अक्टोबर ७ मा गाजामा इजरायल-हमास द्वन्द्व सुरु भएयता त्यहाँका करिब आधा बासिन्दा सुरक्षाको खोजीमा इजिप्टसँग जोडिएको रफाहतर्फ भागेका थिए । इजरायली सेनाले केही हप्ताअघि रफाहसँग जोडिएको खान युनिसमा गरेको सबैभन्दा ठूलो आक्रमणपछि विस्थापित हुनेको संख्या बढेको हो ।

# सुस्त गतिमा लुम्बिनी प्रदेश सरकार

**प्रदेश सरकारको काम गराईबाट प्रदेशसभा सदस्यहरु नै सन्तुष्ट हुन सकेका छैनन् । सत्ता पक्ष आपसमा मिल्न नसक्ने, सधैंभरि भागबण्डामै अड्किरहदा कामले गति लिन नसकेको हो ।**

हाम्रा संवाददाता

**पाल्पा,** माघ २८/लुम्बिनी प्रदेश सरकारको कामको गति अत्यन्त सुस्त रहेको छ । विकास निर्माणदेखि जनजीविकासम्मका काममा प्रदेश सरकारले गर्विलो उपस्थिति देखाउन सकेको छैन । सरकार गठनदेखि नै गठबन्धनको सहमतिमा अल्झिएको प्रदेश सरकारको कामको गति सुस्त देखिएको हो ।




सरकार आफैले ल्याएको नीति तथा कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि चाहिने आवश्यक ऐन, कानुन, नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन समेत ढिलाइ गरेको छ । प्रदेश सरकारको प्रदेश सभाले एक वर्षमा २ कानुन निर्माण र बजेट पारित बाहेक अरु उल्लेखीय काम गर्न सकेको छैन । प्रदेशले संसद्का विषयगत समितिहरूको नेतृत्व एक वर्ष बित्दा पनि चयन गर्न सकेको छैन । सरकार र प्रदेशसभाका गतिविधिप्रति प्रदेशसभा सदस्यहरु नै सन्तुष्ट छैनन् । उनीहरूले आफूले उठाइएका मुद्दामाथि सुनुवाइ नभएको गुनासो गरेका छन् । प्रदेशसभा र सरकारले एक वर्षमा प्रभावकारी भूमिका निभाउन सकेका छैनन् । प्रदेश सरकारको विकास बजेट खर्च समेत सुस्त देखिएको छ । गठबन्धन सरकार गठनको एक वर्ष भन्दा बढी हुँदा पनि सरकारले विकासमा गति लिन सकेको छैन ।

चालु आर्थिक वर्षको ६ महिना बितिसक्दा पनि कुल बजेटको साढे १८ प्रतिशत मात्र बजेट खर्च भएको छ । गत वर्षको बैशाख १४ गते काँग्रेसका नेता डिल्लीबहादुर चौधरी मुख्यमन्त्रीमा नियुक्त भएका थिए । त्यसयता सरकारका गतिविधि प्रभावकारी रुपले अघि बढ्न सकेका छैनन् । आफ्नै दलदेखि गठबन्धनबाट पनि घेराबन्दीमा पर्दै आएका मुख्यमन्त्री चौधरीले सरकार विस्तार, विषयगत समितिको नेतृत्व चयनदेखि कर्मचारी अभावका समस्या झेल्दै आएका छन् । जसले गर्दा प्रदेशको कामले गति लिन सकिरहेको छैन । प्रदेश सरकारको काम गराईबाट आफुहरु सन्तुष्ट हुन नसकेको प्रदेशसभा सदस्यहरु बताउँछन् । सत्ता पक्ष आपसमा मिल्न नसक्ने, सधैभरि भागबण्डामै अड्किरहँदा कामले गति लिन नसकेको नाम उल्लेख नगर्ने सर्तमा एक प्रदेश सदस्यले भने 'हामीले सुरु देखिनै संसदीय समितिको सभापति चयन गर्न माग गरेका थियौं । तर, सत्ता पक्षले सुन्दै सुनेन, निर्वाचनको मिति तय गर्ने तर विभिन्न बाहानामा स्थगित गर्दै आएको छ ।' अहिलेको सरकारको गति फेरिएन भने जनतामा अझै निराशा बढ्ने निश्चित रहेको ति सांसदको भनाई छ ।

**अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका नि:शुल्क वाईफाई प्रयोग नगरौं । अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं । सुरक्षित रुपमा वित्तीय कारोबार गरौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# दर्शकको आकर्षण केराका थामबाट बनाइएका सामग्री

**वालिङ (स्याङ्जा),** माघ २८/स्याङ्जाको वालिङमा सञ्चालित महोत्सवमा केराका थामबाट बनाइएका सामग्रीमा दर्शकको आकर्षण देखिएको छ । माघ १८ गतेदेखि वालिङ उद्योग वाणिज्य संघले आयोजना गरेको आठौं वालिङ महोत्सवस्थलमा स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले केराका थामबाट बनाएका सामग्री अवलोकन तथा खरिद गर्नेको घुइँचो दैनिक जसो देखिएको थियो ।



उद्योग वाणिज्य संघले कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनका लागि नि:शुल्क उपलब्ध गराएको व्यापारिक कक्षमा गाउँपालिकाले बनाएका हस्तकलाका सामग्री प्रदर्शन गरिएको हस्तकला तथा स्थानीय उत्पादन व्यवस्थापन समितिका संयोजक पिताम्बर भुसालले बताए ।

स्थानीय उत्पादनको प्रचार-प्रसार, प्रोत्साहन, प्रवर्द्धन तथा व्यापारीकरणका लागि आयोजकले नि:शुल्क ३० कक्ष उपलब्ध गराएको हो । 'महोत्सवमा हस्तकला, कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी र प्रतिस्पर्धाका लागि राखिएको थियो', उनले भने, 'हस्तकला तथा कृषिजन्य उत्पादनको प्रदर्शनीले मेलामा आउने दर्शकको ध्यान तानेको छ ।' गाउँपालिकाले त्यसै खेर गइरहेका केराका थामबाट चकटी, गलैंचा, मोडा, चप्पल, सोली, ढकिया, काँचो कपडा, खादा लगायत हस्तकलाका सामग्री प्रदर्शनमा राखेको हो । गाउँपालिकाको तर्फबाट कक्षमा रहेकी कृषि प्राविधिक कस्तुरी थापाले महोत्सवमा आउने दर्शकले निकै चासोका साथ सामग्रीको अवलोकन गर्नुका साथै खरिद गरेर लैजाने गरेको बताइन् ।

गण्डकी प्रदेश र गाउँपालिकाको साझेदारीमा नवप्रवर्द्धन कोषमार्फत गाउँपालिका भित्रका ३० जनालाई गत वर्ष तालिम दिइएको गाउँपालिकाका कृषि शाखा अधिकृत अनुप पौडेलले बताए । गत वर्ष 'केराको बहुउपयोगिता सम्बन्धी परियोजना' मार्फत केराका थामबाट हस्तकलाका सामग्री बनाउन ३० जनालाई ४५ दिने तालिम दिइएको हो । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनतामा आशा जगाऔं

**राजनीतिक दल र सरकारबाट जनअपेक्षा अनुसार काम नहुँदा जनतामा निराशा छाएको छ । देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा पुगे पनि जनताले सोही अनुरुपको आशा गर्न सकिरहेका छैनन् । संघीय शासन प्रणाली आएपछि नेताहरूको चरित्र र आचरणमा सुधार आई विशुद्ध समाजसेवामा आफुलाई समर्पित गराउन्छन् भन्ने विश्वाससमेत जनतामा थियो । तर, जनताका यी सबै आशा र विश्वासलाई राजनीतिक नेतृत्वले लगातार कुठाराघात गर्दै आइरहेका छन् । जसका कारण राजनीतिप्रति आमजनताको वितृष्णा बढ्दो छ । प्रमुख राजनीतिक दल र तिनका नेताहरूले गरेका गलत कार्यका कारण मुलुकको विकास, सुशासन र समृद्धिको मार्ग कमजोर बन्दै गइरहेको छ । आमजनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीको विषयलाई राजनीतिक दल र नेताहरूले कहिल्यै पनि प्राथमिकतामा राख्न सकेनन् । आफ्नै स्वार्थ सेक्ने, स्वार्थ र अवसरका लागि जस्तासुकै हर्कत गर्न पनि पछि नपर्ने प्रवृत्तिले नेपालको राजनीतिलाई विकृत र कमजोर बनाइदिएको छ ।**

**सत्ताका लागि महिनैपिच्छे फरक-फरक गठबन्धन बन्छन् तर ती गठबन्धनले जनताको चहराइरहेको घाउमा मलमपट्टी लगाउनेतर्फ कहिल्यै पनि सोचेको देखिएन । उल्टो भ्रष्टाचार गर्नमै उनीहरू लिप्त देखिन्छन् । संघ, प्रदेश र स्थानीय गरी तीनवटै सरकार भ्रष्टाचारको दलदलमा फस्न पुगेका छन् । विगतदेखि नै संरचनागत प्रणाली र व्यवहारमा देखिएका भ्रष्टाचारजन्य प्रवृत्तिका कारण सुशासन कमजोर हुँदै गएको छ । यतिसम्म कि राजनीतिक दल र तिनका नेताहरूको गलत संस्कार र भ्रष्ट प्रवृत्तिका कारण यति छोटो समयमा नै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प खोजिनुपर्ने आवाजहरु उठिरहेका छन् । जुन निकै दुःखद् हो । बढ्दो महँगीका कारण जनता बिहान र बेलुकी के खाउँ भन्ने समस्याले प्रताडित भएका छन् । यस्तो अवस्थामा सरकार र राजनीतिक दल गम्भीर बन्न सकिरहेका छैनन् । जसकाकारण धेरै जनताको मन दुखेको छ । त्यस्तो अवस्थामा सरकार र प्रमुख दलहरू सच्चिएर अगाडि बढ्नुको विकल्प छैन । तसर्थ निराशामा परिणत भएका जनताहरुमा सरकार र दलहरुले आशा जगाउने काम गर्न जरुरी छ ।**

## Opinion @ Social Network

सपना एकातिर गन्तव्य अर्कोतिर, रहर एकातिर परिस्थिति अर्कोतिर,
मन एकातिर म अर्कोतिर, यस्तै चलिरहेको छ जिन्दगी ।
(**सीमा थापाको फेसबुक स्टाटस** *https://www.facebook.com/simathapamgr*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक विकासको आधार : ग्रामीण क्षेत्रको विकास

कुनै पनि क्षेत्रमा हुने सकरात्मक र दिर्घकालिन सुधार वा परिवर्तनलाई विकास भनिन्छ । विकासलाई निरन्तर चलिरहने प्रक्रियाको रुपमा पनि लिन सकिन्छ । हिजो विकास अर्न्तगत आर्थिक पक्ष मात्रै आउने गर्दथ्यो भने आजभोली यस अर्न्तगत सामाजिक, राजनीतिक, सांस्कृतिक तथा परम्परामा आउने सुधारलाई लिने गरेको पाईन्छ । नेपालको कुल क्षेत्रफलको ७० प्रतिशत भू-भाग समेटेको नेपालको ग्रामीण क्षेत्रको विकास र सकरात्मक परिवर्तन विना आर्थिक विकास, वृद्धि र समृद्धिका कुरा गर्नु अपुरो र अधुरो हुने भएकाले यस क्षेत्रको विकासमा प्राथमिकता दिनु जरुरी देखिन्छ । यहि कारण राज्यको नयाँ संरचनाको अभ्याससँगै समानुपातिक विकासलाई महत्व दिदै ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राख्न थालेको पाईन्छ । आर्थिक विकासको उद्देश्य परिपूर्तिका लागि ग्रामीण क्षेत्रको विकास, त्यस क्षेत्रका जनताको दैनिकी र जीवनस्तरमा सुधार गर्नु आजको प्रमुख आवश्यकता र प्राथमिकता रहेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**ग्रामीण क्षेत्रको वर्तमान परिवेश :**
पछिल्लो समय नेपालको ग्रामीण क्षेत्रको परिवेशलाई नियाल्दा विकासका पूर्वाधारहरु बन्दै गइरहेको देखिन्छ तर यसको विपरीत तिव्र बसाई सराई भएको देखिन्छ भने क्रमशः आत्मनिर्भताबाट परनिर्भता उन्मूख देखिन्छ । दैनिक शहरबाट गाडी भरी उपभोग्य वस्तुहरु ग्रामीण क्षेत्रतर्फ गएको देखिन्छ भने फर्कदा रित्तै फर्किएको देखिन्छ । करीब ५६ प्रतिशत घर परिवारको आम्दानीको स्रोतको रुपमा रहेको रेमिटान्सले ग्रामीण परनिर्भरतालाई बढाउदै लगेको देखिन्छ । यहि कारण ग्रामीण बस्तीहरु रित्तीदै छन्, मलिला र उब्जाउ जग्गाहरु प्रयोगविहिन अवस्थामा पुगेको देखिन्छ । परिणाम स्वरुप परनिर्भरता बढ्दै गएको छ । हिजो दुध, दहि, घ्यू तथा हरियो तरकारी बेच्ने ग्रामीण क्षेत्र आज ती सबै किनेर दैनिकी गुजारेको देखिन्छ । आज भोली ग्रामीण क्षेत्रका थोरै घरले इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । अधिकाशले इन्धनको रुपमा सिलिण्डर ग्याँस प्रयोग गर्छन् । यहि कारण पनि इन्धन आयातको अंशमा वृद्धि हुँदै गएको देखिन्छ । कृषिमा आधुनिक बीउँ, खेती गर्ने तरीका भित्री रहेको छ । स्थानीय तहले अनुदान लगायतका कार्यक्रमहरु घोषणा गरिरहेका देखिन्छ तर त्यो सुविधा केहि सिमित वर्गले लिईरहेको देखिन्छ भने अधिकाश जग्गा भने बाझिएका छन् तर यस पक्षमा सुधार गर्ने तथा प्रयोग गर्ने कुरामा उल्लेख्य कार्यक्रम भएको देखिदैन् । विकासका नाममा हरियाँ डाडाँकाडाँहरु नाग्गै र रातामे भै रहेको देखिन्छ तर यसलाई योजना बद्ध, भूगोल अनुकुल र इन्जीनियरिङ युक्त बनाउन सकेको देखिदैन् । विज्ञ र योजना विद्धको प्रयोग विनाका स्थानीय तहले बनाएका विकास योजना बालुवामा पानी हाले सरी भइरहेको छ । न विकास योजनाले मुर्तरुप लिन सकेका छन्, न त जनताले सन्तुष्टि लिन नै । देखासिकी र नक्कल गर्ने प्रवृत्ति बढिरहेको छ । हिजो किनेर खान अप्ठ्यारो मान्ने गाउँघर आज किनेर खानमा गर्व गर्ने अवस्थामा पुगेका छन् । स्थानीय तहहरुले शिक्षा, स्वास्थ्य तथा खानेपानी लगायतका विकासका पूर्वाधारहरुमा लगानी गरिरहेका छन् । ग्रामीण क्षेत्रहरु बस्न लायक बन्दैछन् तर यसको विपरीत बसाँई सराईको कारण गाउँ घर रित्तिदै गइरहेका छन् । रोजगारीका अभावमा विदेशीने स्थितीले युवा पुस्ता हैन बुढा-बुढी मात्रै देखिन् थालेका छन् गाउँ घरमा । जीउँदाको जन्ती मर्दाको मलामी भन्ने छिमेकी भेट्न ग्राह्रो भइसकेको छ ग्रामीण क्षेत्रमा । यस्तो अवस्था किन उत्पन्न भै रहेको छ यसको अनुसन्धान र बिश्लेषण गर्नु पर्ने जरुरी देखिन्छ ।




*स्थानीय तहले अनुदान लगायतका कार्यक्रमहरु घोषणा गरिरहेका देखिन्छ तर त्यो सुविधा केहि सिमित वर्गले लिईरहेको देखिन्छ भने अधिकाश जग्गा भने बाझिएका छन् तर यस पक्षमा सुधार गर्ने तथा प्रयोग गर्ने कुरामा उल्लेख्य कार्यक्रम भएको देखिदैन् । विकासका नाममा हरियाँ डाडाँकाडाँहरु नाग्गै र रातामे भै रहेको देखिन्छ तर यसलाई योजना बद्ध, भूगोल अनुकुल र इन्जीनियरिङ युक्त बनाउन सकेको देखिदैन् । विज्ञ र योजना विद्धको प्रयोग विनाका स्थानीय तहले बनाएका विकास योजना बालुवामा पानी हाले सरी भइरहेको छ । न विकास योजनाले मुर्तरुप लिन सकेका छन्, न त जनताले सन्तुष्टि लिन नै । देखासिकी र नक्कल गर्ने प्रवृत्ति बढिरहेको छ । हिजो किनेर खान अप्ठ्यारो मान्ने गाउँघर आज किनेर खानमा गर्व गर्ने अवस्थामा पुगेका छन् । स्थानीय तहहरुले शिक्षा, स्वास्थ्य तथा खानेपानी लगायतका विकासका पूर्वाधारहरुमा लगानी गरिरहेका छन् ।*

**आर्थिक विकासको आधार ग्रामीण क्षेत्र :**
नेपालको कुल क्षेत्रफलको ७० प्रतिशत भू-भाग ओगटेको ग्रामीण क्षेत्र नेपालको आर्थिक विकासको आधार र सम्भावना बोकेको क्षेत्र पनि हो । तराई क्षेत्रका ग्रामीण क्षेत्रको विकासको रुपरेखा तय गर्न जति सहज र सरल देखिन्छ, हिमाल र पहाडका ग्रामीण क्षेत्रको विकासको रुपरेखा तय गर्न अलि असहज, अप्ठयारो र खर्चिलो देखिन्छ । यसका लागि ग्रामीण क्षेत्रमा तत्काल देखिएको समस्या समाधान गरी अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजनाको निर्माण गर्नु जरुरी देखिन्छ ।

प्राकृतिक स्रोत साधनको प्रयोग गरी गाउँ घरमै रोजगारी सिर्जना गरी आर्थिक आधार तय गर्नु आवश्यक देखिन्छ । कृषिमा व्यवसायिकरण गरी स्वरोजगार र आत्मनिर्भरतामा केन्द्रीत गर्नु पर्ने देखिन्छ । किसानको उत्पादनको उच्चित मूल्य र बजारीकरणको ग्यारेन्टी राज्यले गर्नु जरुरी देखिन्छ । स्थानीय सम्भाव्यता, औचित्य र आवश्यकताका आधारमा योजना तय गर्नु जरुरी देखिन्छ । गाउँको उत्पादनको प्रयोगको पहिलो अधिकार गाउँलाई नै भन्ने मान्यतालाई प्राथमिकतामा राख्नु पर्दछ । घरेलु र परम्परागत उद्योगको स्थापना र भएकालाई आधुनिक तरीकाले सञ्चालन गर्ने वातावरण तय गर्नु जरुरी देखिन्छ । ग्रामीण क्षेत्रका पर्यटकका आर्कषणका क्षेत्रहरुलाई प्रचार प्रसारका माध्यमले आन्तरिक तथा बाह्य पर्यटकको केन्द्रमा रुपान्तरण गर्नु पर्ने देखिन्छ ।

**ग्रामीण क्षेत्रको विकासका लागि के गर्ने त ?**
गाउँ नै गाउँले भरिएको नेपालको विकासका लागि ग्रामीण विकास र्निविकल्प उपाय हो । यसका लागि निम्न उपाय अबलम्बन गर्नु जरुरी देखिन्छ ।

- तिव्र बसाईसराई रोक्नका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- अत्यावश्यक विकास पूर्वाधारको निर्माण गर्ने ।
- शिक्षा, स्वास्थ्यका पूर्वाधार निर्माण गर्ने ।
- जनताको दैनिकी र जीवनस्तर सुधार गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- स्वरोजगारका अवसरहरु सिर्जना गर्ने ।
- स्थानीय स्रोत, स्थानीय उपयोगलाई प्राथमिकता दिने ।
- ग्रामीण क्षेत्रलाई सदरमुकाम र शहरसँग नजिक बनाउनका लागि सडक मार्गको निर्माण गर्ने ।
- स्थानीय उत्पादनको बिक्री र मूल्यको ग्यारेन्टी गर्ने ।
- एक गाउँ एक उत्पादनको नारालाई मूर्तरुप दिने ।
- स्थानीय सहभागितामा योजना तय गर्ने ।
- परम्परागत र घरेलु उद्योगलाई सञ्चालन र विस्तार गर्ने ।
- एकिकृत योजना तय गर्ने ।
- एकिकृत र सुविधा सम्पन्न आवास योजना कार्यान्वयन गर्ने ।
- मानव स्रोत व्यवस्थापनको योजना तय गर्ने ।
- निर्वाहमूखी दैनिकीलाई सुधार गर्ने ।
- होमस्टे, रिसोर्टका माध्यमद्वारा ग्रामीण क्षेत्रलाई आर्कषणको केन्द्रको रुपमा विकास गर्ने ।
- प्याकेजको घोषणा गरी गाउँ फर्क अभियान सञ्चालन गर्ने ।

**निष्कर्ष :**
ग्रामीण क्षेत्रको दिगो विकास समृद्ध अर्थतन्त्रको आधार हो । प्राकृतिक स्रोत र साधनले भरिपूर्ण क्षेत्र हो ग्रामीण क्षेत्र । ग्रामीण क्षेत्रको विकास र त्यहाँका नागरिकको जीवनस्तर र दैनीकीमा सुधार बिना समृद्ध नेपालको परिकल्पनालाई साकार रुप दिन सकिदैन् । अनि यसका लागि शक्ति र पहुँचका आधारमा हैन समानुपातिक र आवश्यकताका आधारमा विकास कार्यक्रम तय गर्नुपर्ने देखिन्छ । ग्रामीण क्षेत्रका समस्या समाधानका लागि सरोकारवालालाई अगाडि सार्नु पर्ने देखिन्छ । आफ्नो वास्तविकताको विश्लेषण गरेर मात्रै देखासिकी र बसाँई सराई निर्णय गर्नु पर्दछ । राजनीतिकर्मी वा नेतृत्वले चुनावका बेलामा भोटका लागि गाउँ सम्झने प्रवृतिको अन्त्य गर्नु पर्दछ । गाउँको विकास विना सिंगो नेपालको विकास र आर्थिक विकास र समृद्धि सम्भव नहुने भएकाले तीनै तहका सरकार, विज्ञ तथा योजनाविद्ले सोही अनुसारको नीति तथा कार्यक्रम ल्याउन जरुरी देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसामा उन्नति प्रगतिको वातावरण बन्नेछ। मनमा शान्ति र खुसियाली मिल्नेछ। | **तुला** : धार्मिक कार्यमा सरिक भइनेछ । प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ। |
| **वृष** : अवसर आउनाले मन प्रसन्न र हनेछ । मानसम्मान पनि पाइन सक्छ। | **वृश्चिक** : विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको हुनसक्छ। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष पनि छाउनेछ । | **धनु** : रोकिएका काम पुनः सुरु हुनेछन्। व्यवसायबार राम्रो फाइदा हुनेछ । |
| **कर्कट** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । कामको राम्रो प्रतिफल पाइने छ । | **मकर** : चिताएको कामले तीव्रता लिनेछ। सामाजिक क्षेत्रमा मानसम्मान मिल्नेछ। |
| **सिंह** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । रमाइलो यात्राको सम्भावना छ। | **कुम्भ** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । |
| **कन्या** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। | **मीन** : दिन मनोरञ्जनपूर्ण समय हो । पारिवारिक साथ सुख मिल्नेछ । |



# भरिया बनेर गाउँमा विद्यालय स्थापना गर्न सफल सुवास



सामान्य परिवारमा जन्मिएर पर्यटकको भारी बोक्ने काममा लागेका ७१ वर्षीय भोजपुरका सुवास तामाङले गाउँमा नै विद्यालयले स्थापना गरेका छन् । ३५ वर्षअघिबाट पर्यटकको भारी बोक्ने काममा लागेका तामाङले आफ्नो जन्मभूमि षडानन्द नगरपालिका-९ बैदर भन्याङमा विद्यालय स्थापना गरेका हुन् । उनले विसं २०४६ मा चित्राले बारेर विद्यालय सञ्चालन गरेका थिए । उनले लालीगुँरास प्राथमिक विद्यालय स्थापना गरेर कक्षा ५ सम्मको पठाई थालेका थिए । त्यसपछि उनले विसं २०५१ मा चन्द्रसूर्य माध्यमिक विद्यालय स्थापना गरेर कक्षा ६ देखि १० सम्म सञ्चालन गरे ।

विसं २०६८ चैतदेखि दुई विद्यालयलाई गाभेर चन्द्र सूर्य माध्यमिक विद्यालय बनाइएको उनले जानकारी दिए । तत्कालीन समयमा विदेशी पर्यटकको भारी बोक्ने काम गर्ने तामाङले विदेशीबाट चन्दा संकलन तथा आफूले भारी बोकेर कमाएको पैसाले यो स्थानमा दुई विद्यालय स्थापना गरेको बताए । त्यो समयमा यहाँका शिक्षकलाई उनले नै तलब दिए । विद्यालय स्थापना गरेको १८ वर्षसम्म आफैंले रकम संकलन गरेर तलब खुवाएको उनको भनाइ छ । आफ्ना पिता लघुसिंह तामाङले देखेको सपनालाई पूरा गर्न धेरै दुःख र संघर्षले विद्यालय स्थापना गर्न सफल भएको उनले बताए । "मेरो पिताको यो स्थानमा विद्यालय स्थापना गर्ने सपना थियो", उनले भने, "तर उहाँको देहावसान भयो, पिताको सपनालाई साकार पार्न यो काममा जुटे र स्थापना गर्न पनि सफल भएँ, भारी बोकेर ल्याएको पैसाले मैले सुरुमा चित्राले बारेर विद्यालय चलाएको थिए, भारी बोक्ने क्रममा विदेशीलाई मेरो योजना सुनाएँ, त्यसपछि उनीहरुले मलाई थप सहयोग पनि गरे ।" विद्यालयका लागि आफूले दुईपटक गरेर ७८ रोपनी जग्गा निःशुल्क दिएको तामाङले बताए । पछिल्लो समयमा दिएको सात रोपनी जग्गामा हालको चन्द्र सूर्य मावि सञ्चालन भइरहेको छ । बाँकी ७१ रोपनी जग्गा पनि विद्यालयले भोगचलन गरिरहेको उनले बताए । "म सामान्य परिवारमा जन्मेको मान्छे हुँ", उनले भने, "तर यहाँ विद्यालय नहुँदा भोगेको दुःखलाई मैले नजिकबाट नियालेको थिएँ, विद्यालय स्थापना गरी छाड्ने अठोटका साथ अघि बढे, काम गर्दै जाने क्रममा अहिले सफल पनि भए, गाउँका बालबालिकाले अहिले घरको खाना खाएर शिक्षा लिन पाएका छन्, त्यो देख्दा गर्वले छाती फुल्छ ।" सरकारले विद्यालयको स्वामित्व लिएसँगै छ वर्षअघिबाट विद्यालय सञ्चालनको भार कम भएको उनले सुनाए । तामाङले सुरुआत गरेर सञ्चालन भइरहेको विद्यालयको कोशी प्रदेशका प्रदेशसभा सदस्य विनोद बान्तावाले पनि अनुगमन गरेका छन् । आफ्नो ठाउँको शैक्षिक सुधारका लागि समाजसेवी तामाङले खेलेको भूमिका प्रशंसायोग्य रहेको उनले बताए । "समाजका लागि उहाँले गरेको काम उदाहरणीय छ", बान्तावाले भने, "भारी बोकेर योसम्मको काम गर्नु सामान्य कुरा होइन, यस्ता मान्छेको कामलाई हामीले कदरसँगै अनुसरण गर्न आवश्यक छ ।" यो विद्यालयमा हाल करिब तीनसय विद्यार्थी अध्ययनरत रहेको स्थानीय तथा विद्यालयका शिक्षक कुसुम तामाङले बताए । भौगोलिक रुपमा विकट मानिने स्थानमा विद्यालय स्थापनाले धेरै बालबालिकाको सुन्दर भविष्य निर्माण भएको उनी बताउँछन् । "यहाँ विद्यालय स्थापनाले धेरै बालबालिकाको सुन्दर भविष्य निर्माण भएको छ", शिक्षक तामाङले भने, "अहिले तीन सयको हारहारीमा बालबालिका पढ्दै आएका छन्, उहाँले पुरयाउनु भएको योगदानलाई समाजले भुल्नु हुँदैन, यो एउटा उदाहरणीय काम हो ।" *-रासस*

# अभिभावक पढाउँदै रोङ गाउँपालिका




रोङ गाउँपालिका-४ का रघुनाथ अर्याललाई ५० वर्षको उमेरमा विद्यालय पढ्न जानुपर्छ जस्तो लागेको थिएन । "अभिभावक शिक्षा दिने भन्दै गाउँपालिकाले छोराको स्कुलमा पढ्न बोलाउँदा अचम्म लाग्यो", अर्यालले भने, "तर पहिलो दिनको कक्षामा धेरै नयाँ कुरा सिकियो, अब हरेक महिनाको एकदिन हामी पो स्कुल जानुपर्ने भएछ ।" गाउँपालिकाले सामुदायिक विद्यालयका अभिभावकलाई शिक्षा दिने उद्देश्यले अभिभावक शिक्षा कार्यक्रम सुरुआत गरेको छ । शुक्रबारदेखि कक्षा १ देखि ५ सम्मका विद्यार्थीका अभिभावकलाई कक्षा सुरु गरिएको गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बो सुवासले बताए ।

"सुरुको दिन ११ विद्यालयका तीन सय १० अभिभावक कक्षामा सहभागी हुनुभएको छ, तीमध्ये सात सय १५ महिला र दुई सय ९५ पुरुष सहभागी हुनुभयो", स्याङ्बोले भने, "अभिभावक केही नजान्ने हुन्छन् भनेर पढाउन सुरु गरिएको होइन, तीनजना स्नातकोत्तर सकेका अभिभावक पनि कक्षामा सहभागी हुनुभएको छ, यो शिक्षाले अभिभावकलाई जिम्मेवार बनाउन सहयोग गर्नेछ ।" अभिभावक शिक्षालाई प्रभावकारी बनाउन कार्यपालिकाको बैठकले अभिभावक शिक्षा सञ्चालन कार्यविधि स्वीकृत गरेको हो ।

शिक्षाको गुणस्तर सुधार गर्ने जिम्मा शिक्षकको मात्र नभई अभिभावकको पनि हुने भएकाले यो कार्यक्रम लागू गरिएको अध्यक्ष स्याङ्बोले बताए । "गाउँपालिकाले अभिभावकलाई अब महिनाको एकदिन विद्यालयमै ल्याएर पढाउँछ, त्यसदिन कक्षा ८ भन्दा माथिका विद्यार्थीले भने घरमा बसेर अभिभावकले गर्ने काम गर्नुपर्नेहुन्छ, विद्यार्थीलाई त्यस दिन घरको काम लगाउँदा व्यावहारिक ज्ञान पाउँछन् भन्ने हाम्रो बुझाइ हो", स्याङ्बोले भने । ि

शक्षा सुधारमा अभिभावकको भूमिका, शिक्षाको महत्व, बाल स्याहार, बाल विकास, शिक्षा र संस्कारजस्ता विषयमा शिक्षकले अभिभावकलाई जानकारी दिइने उनले बताए । जानाजान अभिभावक शिक्षामा सहभागी नहुने अभिभावकलाई वडाबाट हुने सम्पूर्ण सिफारिस रोक्ने कार्यविधिमा उल्लेख छ । यसअघि नै गाउँपालिकाले विद्यालयलाई कम्प्युटर खरिद गरेर उपलब्ध गराइसकेको छ । प्रत्येक शिक्षकले अनिवार्य कम्प्युटर चलाउन जान्नुपर्ने भन्दै गाउँपालिकाले विद्यालयलाई कम्प्युटर उपलब्ध गराएको हो । *-रासस*

# के नर्सरी, केजीका नानीबाबुलाई हजुर, तपाई भनेर बोलाउनुहुन्छ ?

**डा.लोक भट्टराई**

बच्चाहरुले जस्तो सिके त्यस्तै जीवन जिउँछन् ! यहाँ हामीले नेपालमा स-साना नानीहरुलाई सिकाइरहेको यौटा ताजुब लाग्दो संस्कारसँग जोडेर हेर्न खोजेको छु । अरुलाई जे-जस्तो लागे पनि मलाई चाहिं यो ताजुब लाग्ने विषय भएको छ । तथापि समाजको कुनै कुनाबाट पनि यो विषयका प्रति चासो दिइएको चाहिं देखिएन । अब प्रसंग सुरु गरौं । हालसालै मैले नेपालमा कार्यरत ५०-६० भन्दा बढी माध्यमिक र उच्च माध्यमिक विद्यालयका शिक्षकहरुका लागि यौटा सामूहिक अन्तर्क्रिया एवम् अभिमुखीकरण कार्यक्रमको सहजीकरण गरेको थिएँ । अरु कुराको अतिरिक्त यस कार्यक्रमले अन्तर्राष्ट्रिय 'टिचिङ एण्ड लर्निङ'का असल अभ्यासहरूका बारे शिक्षकहरुलाई जानकारी गराउने पनि लक्ष्य लिएको थियो ।केस स्टडीको रुपमा सिंगापुर, कोरिया, जापान र फिनल्यान्डका असल अभ्यासहरूको बारे चर्चा गरिएको थियो । यससँगै नेपालका विद्यालयहरुमा विद्यार्थीले अक्सर उत्कृष्ट नतिजा ल्याउन नसकेको विषयहरु के के हुन्, त्यसको कारण के हुनसक्छ र समाधान के भनेर खोतल्ने प्रयास पनि गरिएको थियो । अन्तर्क्रियाको क्रममा सामुदायिक विद्यालयहरुको हकमा साइन्स र म्याथम्याटिक्स र निजी/संस्थागत विद्यालयहरुको हकमा नेपाली र सामाजिक विषयहरुमा विद्यार्थीले राम्रो नतिजा ल्याउन नसकेको विषयको रुपमा पहिचान गरिएको थियो ।

अरु प्रत्येक विषयमा जस्तै नेपालीमा समेत विद्यार्थीले राम्रो गर्न नसक्नुको कारण के होला भनेर चाखलाग्दो छलफल गरेका थियौं । छलफलमा धेरै कुरा उठेका थिए । तर सारमा भन्ने हो भने शिक्षकहरुको उत्प्रेरणामा कमि, नेपाली विषय पढाउने सिर्जनशील सीप र शैलीको अभाव लगायत कुराको प्रस्टै भूमिका त देखिन्थ्यो नै । एकजना गुरुले उदाहरणको रूपमा भन्नुभयो कि नेपाली भाषामा रहेको आदरार्थी शब्दहरुको भेद बताउन पनि मुश्किल छ । यो कुराले मैले धेरै समयदेखि समस्याको रुपमा देखेको यौटा नयाँ संस्कारको विषयलाई टच गरेको थियो । प्राइमरी विद्यालय र खासगरी प्राइभेट स्कुल वा मन्टेसरीहरुले स-साना नर्सरी वा केजीका बाबुनानीलाई समेत ठूलालाई जस्तै हजुर, तपाईं जस्तो आदरार्थी शब्द प्रयोग गर्नुपर्छ भनेर एड्भोकेसी गरिरहेको कुरा मलाई सही लागिरहेको थिएन । यसलाई मैले समस्याको रुपमा लिने गरेको थिएँ । छलफलकै क्रममा मैले शिक्षकहरुलाई उहाँहरुको धारणा बुझ्ने हिसाबले अलि घुमाउरो पाराले यौटा प्रश्न सोधें । मैले सोधें कि उहाँहरु बच्चा/विद्यार्थीलाई कत्तिको स्नेहपूर्ण व्यवहार गर्नुहुन्छ, बच्चालाई कहिल्यै कुनै पनि कारणका लागि गाली गर्ने गर्नुभएको छ आदित्यादि । र त्यसपछि मैले मेरो मुख्य प्रश्न सोधें कि- उहाँहरुले साना बाबुनानीलाई हजुर, तपाईं भनेर भन्ने गर्नुभएको छ कि छैन ? किनकि यो त नेपालमा अहिले सर्वस्वीकृत प्रचलन भएको छ । सुरुमा त धेरै शिक्षकहरुले आफूले पनि त्यसो गर्ने गरेको बताउनुभयो । छलफल लम्ब्याउँदै मैले सोधें कि त्यो शिष्टाचारको शैली कत्तिको ठिक हो ? सुरुमा त धेरैले त्यो चलन ठिक हो भन्ने जस्तो गर्नुभयो, तर मैले छलफलमा उठाएका प्रश्नहरुको खास मनसाय बुझ्दै गएपछि उहाँहरुमा पनि सन्देह देखिन थाल्यो । अन्त्यमा मैले यो चलन वा तरिका ठीक छ भन्नेहरुले 'हात उठाउनुस्' भनेपछि त्यसको समर्थनमा हात उठाउनेमा जम्मा २ जना मात्र देखिनुभयो । यसको अर्थ यो चलन ठिक थिएन भन्ने पक्षमा १-२ जनालाई छोडेर प्रायः सबै शिक्षकहरु देखिनुभयो । यो नयाँ मोडर्न संस्कार नेपालमा भित्र्यायो कसले ? के सोचेर भित्र्यायो, त्यो त मलाई यकिन छैन । तैपनि नेपालमा नयाँ-नयाँ कुराहरु त्यो फोस्रा र अर्थहीन नै भए पनि खुबै बिक्ने गरेको छ । त्यस्तैमा कसैलाई लाग्यो होला, ठूलालाई चाहिं हजुर, तपाईं भन्नुपर्ने सानालाई नपर्ने ? यो त भेदभाव भयो । यहाँ पनि समानता ल्याउनुपर्छ, केही सिर्जनशील काम गरे जस्तो पनि हुन्छ । अनि कसैले कतै शुरु गर्‍यो, पछि पूरै देश त्यो कुरा फलो गर्न लागिपर्‍यो । कसैले के, किन, कसरी, ठिक वा बेठिक सोच्दै सोचेन । हाम्रो यहाँ ठीक कि बेठीक सोचिरहन कसैलाई फुर्सद नै छैन । त्यो गरिरहन कसैले आवश्यक नै देख्दैन । त्यो गर्नपट्टि लागेर कसैले आफूलाई फाइदा नै देख्दैन । नयाँ कुराको आत्मसात् गर्नुअघि के गर्नुपर्छ भन्ने कुनै विधिविधान केही छैन । यही त हो जसका कारण, नेपाली समाज एकदम दिशाहीन हुँदै गएको छ, विभिन्न खालको अन्तरविरोधमा फस्दै गएको छ । यस्तो कुरा मार्फत हामीले जानी-नजानी बच्चाको अन्तर्मनमा मूल्यको अन्तरद्वन्द्व इन्जेक्ट गरिरहेका छौं, जो बच्चाहरुको बहुआयामिक व्यक्तित्व विकासका लागि घातक हुनसक्छ । यसका पछाडि समस्या धेरै छन् । ल मानौं स्कुलले सुरु गर्‍यो- ठिक छ, बाबुआमाले पनि जसोतसो स्कुलको सिको गर्लान्, त्यो पनि रिसाएको बेलामा त कुन्नि ! तर घरका सबैले, छिमेकका अंकल आन्टीले पसलको आन्टीले सबैले सधैं उसै गरी साना बाबु-नानीलाई हजुर, तपाईं भनेका हुँदैनन्, नभन्न सक्छन् । त्यस्तो स्थितिमा बच्चा फेरि कन्फ्युज हुनजान्छ । यसले उनीहरुलाई धेरै मनोवैज्ञानिक समस्या दिएको पनि हुनसक्छ । ठिक छ, साना नानीबाबुसँग रमाइलो पनि हुन्छ, भनिदिए हुन्छ-हजुर, तपाईं । तर कहिलेसम्म भन्नुहुन्छ ? उनीहरु जब १०, १५ या १८ वर्षका हुन्छन् के त्यतिबेला पनि तिनलाई तपाईं हजुर, तपाईं भन्नुहुन्छ, वा कुन उमेरसम्म बोल्ने हो त्यो फेक भाषा अनि बच्चा कुन उमेरमा पुगेपछि फेरि साँचो भाषा बोल्ने हो ? कि अलि ठूलो भएपछि तँ, तिमी नै भन्ने हो ? विचार गर्नुपर्ने प्रश्न यो हो । उल्टो अर्थ नलागोस् मैले तँ नै भन्नुस् भनेको चाहिं हैन नि !

माथिकै कुरामा फेरि विचार गरौं । बच्चाले सामाजिक विषयमा राम्रो गरेनन्, नेपालीमा राम्रो गरेनन्, आदरार्थी भाषाको कन्सेप्ट बुझेनन् । क्या रमाइलो कुरो छ । सामाजिक अध्ययनमा पनि गाह्रो भयो, राम्रो गरेनन्, कसरी बुझ्छन्, कसरी राम्रो गर्छन् ! सामाजिक अध्ययनमा समाजको स्वरूप, सामाजिक संरचना सिकाइने हो, सिकाउनुपर्ने हो-जहाँ ठूलाको सम्मान, सानालाई माया लगायत तमाम मूल्यगत अवयव मिलेर सामाजिक संरचना बनेको छ । नेपालीको सरले भने झैं आदरार्थी अवधारणा सिकाउनै गाह्रो भयो । किन हुन्न त ? सिद्धान्तमा आदर गर्ने र आदर पाउनेको कुरा छ । समाजमा विद्यमान रोल विभाजनको कुरा छ, तर नानीबाबुले दैनिक जीवनमा अर्थोक अर्थोक नै सुनिरहेका हुन्छन् । आदर गर्नुपर्ने भनेर सामाजिकमा पढेको व्यक्तिले नै अर्थात् स्कुलका शिक्षक, घरमा बा-आमाले नै आफूलाई हजुर, तपाईं भनेको छ, नानीबाबुले अब हजुरआमालाई चाहिं के भन्ने- तिमी भन्ने ? साँच्चै भन्ने हो भने हामीले तिनलाई धोका दिएका छौं, झुट कुरा सिकाएका छौं, व्यवहार र सिकाइमा द्वन्द्व सिर्जना गरिदिएका छौं । जसले बालमनोविज्ञानको विघटन नै गरिदिन सक्छ, संशय पैदा गरिदिन सक्छ । अझ हामी सोच्दैछौं, एकदम राम्रो गरिरहेका छौं, बच्चालाई आधुनिक शिक्षा दिइरहेका छौं । म भन्छु-पढाउनुस्, पढाउन हुन्छ, नेपाली, इंग्लिश र अरु भाषा पनि पढाए हुन्छ । बच्चाहरुको एकैसाथ दुई भन्दा बढी भाषा सिक्ने क्षमता हुन्छ । नेपाली पढाउनुस्, यो हाम्रो भाषा हो, यो देशको भाषा हो भनेर पढाउनुस् । अंग्रेजी पढाउनुस्, यो संसारमा धेरै फैलिएको भाषा हो, धेरै ज्ञान-विज्ञान अहिले यही भाषामा सिर्जना भइरहेको छ, तिमीलाई यो भाषा जान्न आवश्यक छ भनेर पढाउनुस् । आवश्यक पर्छ भने अरु अरु भाषा पनि पढाए हुन्छ । तर विदेशी भाषा सिक्नु र आधुनिक हुने नाउँमा आफ्नो सामाजिक मान्यता र संस्कारमै बेमेल हुने खालको कुरा बच्चालाई सिकाउनु एकदम फरक कुरा हो । अति द्रुतगतिमा विकासको फड्को मारिरहेका मुलुकहरु जस्तो कि जापान, चाइना, इन्डिया वा कोरियाले समेत स्कुलमा बच्चाहरुलाई आफ्नो सामाजिक मूल्य र मान्यतामा जोड दिएरै सिकाइलाई व्यवस्थित गरेका छन् । चीनमा कन्फुसियन भ्यालु बुझ्ने गरी सिकाउने गरिन्छ, जापानमा हाइकू कविता कोर्समा समावेश गर्ने कुरा होस् वा ठूलालाई आदर गर्ने संस्कृति टिचिङ एण्ड लर्निङ मार्फत इन्जेक्ट गरिने कुरा हो त्यसमा महत्व दिइएको छ । ठूलालाई आदर गर्ने कुरा त जापान, कोरिया, चाइना, इन्डिया सबैतिर छ । इन्डियामा रामायण, महाभारतको कुरा, त्यसको कन्टेन्ट र मूल्यका कुरा टिचिङ एण्ड लर्निङमा जोडिएको छ ।

कृत्रिम कुरा, सिकाइ र व्यवहारमा सामञ्जस्य नभएको कुरा बच्चाहरुलाई सिकाउनै हुँदैन । मूल्यको अन्तरद्वन्द्वका बीच बाँचेका वा हुर्केका बच्चा वा किशोर-किशोरीमा तत्काल वा दीर्घकालमा तमाम खाले मनोवैज्ञानिक समस्या देखिने गरेको कुरा अध्ययनहरुले देखाएको छ । मनोवैज्ञानिक लियोन फेस्तिन्गरले त यस बारेमा कग्निटिभ डिसोनेन्सको सिद्धान्त नै प्रतिपादन गरेका छन् । यस्तो स्थितिमा बच्चाले/किशोरकिशोरीले कग्निटिभ डिसोनेन्स (चेतनात्मक बेमेल) अनुभव गर्न सक्छन् जसले भावनात्मक तनाव र अनिश्चितता जन्माउन सक्छ । यो त यौटा मात्र कुरा भयो, यसका प्रभाव र त्यसको परिणाम एक भन्दा बढी हुन सक्छ । दोस्रोमा यस्तै कुराका कारण उनीहरुमा असुरक्षा र विश्वासको संकट जन्मिन सक्छ, उनीहरुले आफ्ना अभिभावक, शिक्षक वा कसैको पनि पूर्ण रुपले विश्वास नगर्ने स्थितिसम्म बन्न सक्छ । त्यस्तै खास अवस्थामा उनीहरुले परस्पर विरोधी मूल्यसँग जिउनु पर्दा त्यस्तो परस्पर विरोधी मूल्यलाई विस्तारै आत्मसात् गर्न सक्छन् जसका कारण उनीहरुमा नैतिक अन्योल देखा पर्न सक्छ । इमोसनल डिरेगुलेसनको सम्भावना एकदम बढ्न सक्छ, जसका कारण उमेर बढ्दै जाँदा उनीहरुमा निराशा, असुरक्षाको भावना बढ्ने र उनीहरुले अनपेक्षित कोपिंगको सहारा लिन पुग्ने खतरा पनि हुन सक्छ । यस्तै अन्तरद्वन्द्वका कारण उनीहरुले आफूमा असहाय (हेल्पलेसनेस) अनुभव गर्ने र निर्णय क्षमता गुमाउने समेत डर हुन्छ । यी सबै कुरा बुझेर, लहलहैको भरमा स्कुलहरुले पनि र अभिभावकहरुले पनि नयाँ कुरा गर्ने भन्ने नाममा जे पायो त्यही कुरा लागू गर्दा त्यसको घातक परिणाम समेत निस्कन सक्छ भन्ने कुरामा सधैं सचेत हुनुपर्छ । मेरा लागि त स-साना नानीबाबु अत्यन्त प्यारा लाग्छन् । आफ्नै परिवारको वा जोसुकै नानीबाबुलाई पनि म माया गर्छु, स्नेह गर्छु-बाबु, नानी, तिमी भन्छु, ती कमसेकम वयस्क नहुन्जेल तिनलाई हजूर, तपाईं चाहिं भन्दिनँ । तपाईं नि ?

*-अनलाइन खबर डटकम*

# प्रेस चौतारी पाल्पाको साधारणसभा, रामपुर घोषणापत्र जारी

**कृष्ण पोखरेल**




**पाल्पा,** माघ २८/प्रेस चौतारी नेपाल पाल्पा शाखाको दोश्रो साधारण सभा रामपुरमा भएको छ । चौतारीले रामपुर घोषणपत्र जारी गर्दै साधारण सभा सकेको हो ।

सभामा प्रेस चौतारीका केन्द्रीय सदस्य मिलन विश्वकर्माले रामपुर घोषणापत्र जारी गरेका थिए । घोषणापत्रमा पाल्पाको रामपुर नगरपालिका स्थित राम्चे सामुदायिक वन क्षेत्रमा चिडियाखाना निर्माण गरेर यहाँको थप स्तरोन्नति गर्न माग गर्ने, राम्दीदेखि नारायणघाटसम्म कालीगण्डकी नदीमा नियमित र्‍याफ्टिङ सञ्चालन गरेर पर्यटकलाई थप आकर्षण गर्न माग गर्ने, स्थानीय सरकार र पत्रकारबीच समन्वय र सहकार्य गरेर नगरको विकासमा लाग्न माग गर्ने जस्ता कुरा उल्लेख गरिएको छ । यस्तै श्रमजीवी पत्रकारहरूको व्यवसायिकता र पेशागत सुरक्षाको ग्यारेन्टी गर्न तीन तहका सरकारसँग माग गर्ने, नेपाल पत्रकार महासंघले सदस्यता शुद्धीकरणका नाममा 'सार्वजनिक' गरेको सदस्यता सूचीप्रति गम्भीर ध्यानाकर्षण भएको, महासंघले अभ्यास गर्दै आएको मूल्य–मान्यता, स्थापित गरेको प्रणाली र लागू गर्दै आएको विधान, नियमावली र केन्द्रीय महासंघले बनाएको १५ बुँदे शुद्धीकरण मापदण्डका आधारमा जिल्ला र प्रदेश महासंघले सिफारिस गरेको सदस्यता नवीकरण गर्न माग गर्ने तथा लुम्बिनी प्रदेश सरकारले लुम्बिनी प्रदेश भरका सञ्चार माध्यमलाई व्यवस्थित गर्न निर्माण गरेको सञ्चार परिषदलाई व्यवस्थापन गर्ने र बजेट विनियोजन गर्न समेत घोषणापत्रमा माग गरिएको छ । सभाको प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै लामाले प्रेस चौतारी नेपाल कलमजिवी र श्रमजीवी पत्रकारहरुको हक हितमा केन्द्रित रहेर काम गर्दै आएको बताए । उनले पत्रकार महासंघमा खिचडी जस्तै जो सुकै व्यक्तिहरु पनि सदस्य भई पत्रकारहरुको गरिमा घटाएकाले चौतारीले नै शुद्धीकरणको एजेण्डा ल्याएको दावी गरे । उनले भने 'हामीले शुद्धीकरणको प्रस्ताव ल्याएपनि गठवन्धनबाट निर्वाचित पत्रकार महासंघका नेतृत्वकर्ताले आफ्ना पक्षलाई काखा, विपक्षीलाई पाखा लगाउने गरी शुद्धीकरणको अभियान भईरहेकाले हाम्रो आपत्ति छ ।' नेकपा एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरेले लोकतन्त्र, गणतन्त्र, नयाँ संविधान ल्याउन र उपलब्धीहरु संस्थागत गर्न प्रेस चौतारीको प्रमुख भूमिका रहेको बताए ।

प्रेस चौतारीका लुम्बिनी प्रदेश महासचिव निरु गौतमले चौतारीमा आवद्ध पत्रकारहरुको पेशागत दक्षता, कार्यक्षमता वृद्धि गर्न प्रदेशस्तरको तालिमको आयोजना गरिएको बताइन् । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले पत्रकारिताको विकासमा चौतारीको भूमिका महत्वपूर्ण रहेको बताए । साधारण सभामा प्रतिनिधि सभा सदस्य नारायणप्रसाद आचार्य, लुम्बिनी प्रदेश सञ्चार परिषदका अध्यक्ष यम गाहा मिलन, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा प्रदेश सह इन्चार्ज कमलराज तिमिल्सिना, निस्दी गाउँपालिका उपाध्यक्ष तिरनकुमारी श्रेष्ठ, नेपाली कांग्रेस रामपुर नगरसमिति अध्यक्ष नेत्र भट्टराई, चौतारीका निवर्तमान अध्यक्ष राजेन्द्र लिगल लगायतले चौतारीले सञ्चारक्षेत्र सहित समग्र विकासमा खेलेको भुमिका बारे चर्चा गरेका थिए । संगठनका जिल्ला अध्यक्ष कृष्ण कार्कीले संगठनको काम निरन्तर गरेको बताउदै आगामी दिनमा पत्रकारितालाई व्यवसायिक बनाउन लागि पर्ने बताए । आगामी दिनमा पत्रकार कल्याणकारी कोष बनाउने, चौतारी बुलेटिन प्रकाशन गर्ने, घुम्ती बैठकलाई निरन्तरता दिने, वैदेशिक अध्ययन अवलोकन भ्रमण गर्ने योजना रहेको उनले बताए । सभामा प्रेस चौतारी लोगो अङ्कित पिन सदस्यहरूलाई वितरण गरिएको थियो । चौतारीका जिल्ला अध्यक्ष कार्कीको अध्यक्षता, उपाध्यक्ष बन्दना पोखरेलको स्वागत, सह-सचिव सन्तोष ज्ञवाली र सचिवालय सदस्य विजय बौडेलको सञ्चालनमा कार्यक्रम भएको थियो । शाखाको बन्दसत्रमा प्रस्तुत सह-सचिव सन्तोष ज्ञवालीको सांगठिनक प्रतिवेदन र कोषाध्यक्ष नेत्र गैरेद्धारा प्रस्तुत आर्थिक प्रतिवेदन पास गरिएको थियो । चौतारीका केन्द्रीय सचिव प्रदिप आचार्यले चौतारीको केन्द्र, प्रदेश र जिल्ला जिल्लाको अस्थाको जानकारी गराएका थिए । साधारण सभाको बन्दसत्र लुम्विनी प्रदेश सदस्य राम प्रसाद न्यौपानेको अध्यक्षता, केन्द्रिय सदस्य कमलराज तिमिल्सेनाको सञ्चालन भएको थियो ।

# दर्शकको आकर्षण केराका...

...'तालिममा सहभागी भएकाहरूले उत्पादन गरेका हस्तकलाका सामग्रीलाई प्रचार-प्रसारका लागि महोत्सवस्थलमा राखेका हौँ', उनले भने, 'तालिमपश्चात सिकेको सीपलाई व्यावसायिक रूपमा उत्पादन गरेका व्यक्ति तथा गाउँपालिका आफैँले उत्पादन गरेका सामग्री 'स्टल'मा राखेका छौँ ।' केराका थामबाट हस्तकलाका सामग्री बनाउने स्थानीय आठ जनालाई गाउँपालिकाले रोजगारी दिएको छ । अहिले न्यूनतम मासिक पारिश्रमिक दिएर रोजगारी दिएको र आगामी वर्षमा उत्पादनका आधारमा पारिश्रमिक दिने तयारी गरिरहेको उनले बताए ।

'हाम्रा बारी कान्लामा त्यसै खेर गइरहेका केराको थामको प्रयोग गरी विभिन्न हस्तकलाका सामग्री बनाउन सकिँदोरहेछ भन्ने देखाउनका लागि पनि यसले महत्वपूर्ण भूमिका खेलेको छ', पौडेलले भने, 'यहाँ उत्पादन भएका हस्तकलाका सामग्रीको बजारीकरणका लागि गाउँपालिकाले सहयोग गर्ने छ ।' गाउँपालिकाले यो अभियानलाई आवश्यक पर्ने कच्चा पदार्थका रूपमा रहेको केराका बोट वितरण गरेको छ । गाउँपालिकाभित्र करिब एक लाख बोट केरा रहेका र आगामी दिनमा थप गर्दै जाने उनले बताए । महोत्सव आइतबार सम्म चलेको हो । *-रासस*


**डिभिजन वन कार्यालय, पाल्पाको दररेट पेश गर्ने सम्बन्धी सूचना**

***प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१०/२९***

यस कार्यालयको चा.लु आ.व. २०८०/८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न वन उपभोक्ता समूह, स्थानीय तहहरु एवं कृषकहरुबाट गैन्हकाष्ठ वन पैदावार दाँते औँखरको हिँउदे वृक्षारोपणको लागि बिरुवाको माग भई आए अनुसार ६५०० गोटा दाँते औँखरको बिरुवा प्रतिस्पर्धाको आधारमा खरिद गरी वितरण गर्नुपर्ने भएकोले कम्तिमा दुई वर्ष उमेर र दुई फिट उचाईको दाँते औँखरको गुणस्तरीय बिरुवा कार्यालयमै उपलब्ध गराउने गरी के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? बिरुवा उपलब्ध गराउन ईच्छुक प्रचलित कानुन बमोजिम योग्यता पुगेका नर्सरी/आपुर्तिकर्ताहरु (यस कार्यालयमा नियमानुसार सूचिकृत भएका वा नभएका समेत) बाट कानुन बमोजिम आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बिरुवाको नमुना सहित प्रति बिरुवाको दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । खरिद सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

***डिभिजन वन कार्यालय, पाल्पा***


## खेलकुद समाचार

# नेपालको लगातार दोस्रो जित



**काठमाडौं,** माघ २८/नेपालले मलेसियामा जारी एसीसी वुमन्स प्रिमियर कपमा भुटानलाई ८ विकेटले हराउँदै लगातार दोस्रो जित हात पारेको छ । लगातार दोस्रो जितले नेपाल समूह डी मा शीर्षस्थानमा उक्लदै क्वाटरफाइनल यात्रा लगभग पक्कापक्की बनाएको छ ।

जितको लागि ६६ रनको सामान्य लक्ष्य नेपालले ११.५ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालकी ओपनर सीता रानामगरले ३७ बलमा २ चौका र १ छक्कासहित सर्वाधिक ३२ रनमा नट आउट रहिन् । रुविना क्षेत्री २४ बलमा १ चौका र १ छक्कासहित १७ रनमा अविजित रहिन् । ओपनर कविता कुँवर ५ र कप्तान इन्दु बर्मा १ रनमा आउट भइन् । भुटानकी अन्जु गुरुङ र अन्जली घलेले एक/एक विकेट लिए । त्यसअघि बायोमास ओभलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भुटानले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै ६५ रन बनाएको थियो । भुटानकी ओपनर न्गावांग चोडेनले ५० बलमा १ चौकासहित सर्वाधिक २५ रन बनाएकी थिइन् । छिरिङ जान्गमो ३५ बलमा १ चौकासहित १६ रनमा आउट भइन् । सीता रानामगरको फुलटस बलमा अघि बढेर सट खेल्ने धुनमा काजोल श्रेष्ठबाट स्टम्पिङ आउट भएकी थिइन् । कप्तान तथा विकेटकिपर डेचन वान्गमो २१ बलमा ३ चौकासहित १७ रन बनाउन सकेकी थिइन् । नेपालको जितमा कविता कुँवर, इन्दु बर्मा, सीता रानामगर र कविता जोशीले १-१ विकेट लिए । नेपालले पहिलो खेलमा हङकङलाई ८ विकेटले हराएको थियो । नेपालले अन्तिम खेल मंगलबार माल्दिभ्ससँग खेल्नेछ । १६ सहभागी टोली चार समूहमा छन् । हरेक समूहका शीर्ष दुई टोली क्वाटरफाइनलमा पुग्नेछन् । सेमिफाइनल हुँदै फाइनलमा पुग्ने दुई टोलीले यसै वर्ष हुने वुमन्स एसिया कप खेल्न पाउनेछन् ।


**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**


## अर्थ/कर्पोरेट समाचार

# नेप्से ओरालो यात्रामा



**पाल्पा,** माघ २८/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक साताको पहिलो दिन नै ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार आइतबार नेप्से परिसूचक १० दशमलव ५० अंकले ओरालो लागेर दुई हजार ८५ दशमलव ८२ मा सीमित भएको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूच्क तीन दशमलव ८९ अंकले ओरालो लागेर तीन सय ७४ दशमलव ७५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ । विभिन्न कम्पनीका एक करोड पाँच लाख ७१ हजार एक सय ९९ कित्ता शेयर रु चार अर्ब आठ करोड ५६ लाख ७८ हजार चार सय ७२ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा हिमालयनल रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ६२ करोड ४७ लाख ८५ हजार तीन सय ६८ बराबरको कारोबार भयो । एनआरएन इन्स्फास्ट्रचर रु १२ करोड चार लाख ३४ हजार चार सय ३७, हिमालयन डिस्टिलरी रु नौ करोड २३ लाख २६ हजार तीन सय ८८, एनआइसी एशिया बैंक रु आठ करोड ४२ लाख चार हजार तीन सय ३२ र हाथवे इन्भेस्टमेन्ट रु आठ करोड ३० लाख ७७ हजार सात सय तीन मूल्यमा कारोबार भई शीर्षए पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार समाज लघुवित्त र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्रिशुली जलविद्युत कम्पनी छ दशमलव ४१, दोर्दी खोला जल विद्युत कम्पनी पाँच दशमलव शुन्य आठ र माया खोला हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ९० प्रतिशतले कमाएका छन् । यस्तै, एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो १०, युनिलिभर नेपाल सात दशमलव १४, गुराँस लघुवित्त सात दशमलव १३, गणपति लघुवित्त चार दशमलव ६६ र किसान लघुवित्तका लगानीकर्ताले चार दशमलव ४७ प्रतिशतले गुमाएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई